# संघीय संसद
# प्रतिनिधि सभा
## चौथो अधिवेशन
## बैठक संख्या - १२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ ७ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री महेन्द्र राय यादवलाई समय दिनुहुँदा उहाँले रा.ज.पा.ले विगत अधिवेशन देखि उठाएको विषय लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा सरकारले प्रतिवद्धता व्यक्त गरेको र सम्माननीय सभामुखले समेत पटक पटक रुलिङ भैसकेकोले सो पुरा गर्नेतर्फ ध्यानाकर्षण गराउनु भएपछि सम्माननीय सभाभुखले उक्त विषयतर्फ सरकारको पुनः ध्यानाकर्षण गराउनु भएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरुले आ-आफ्नो स्थान ग्रहण गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री टेक बहादुर वस्नेत
२. मा० श्री दिलेन्द्र प्रसाद वडु
३. मा० श्री देव प्रसाद गुरुङ
४. मा० श्री देवेन्द्र राज कंडेल
५. मा० श्री नमिता कुमारी चौधरी
६. मा० श्री नरमाया ढकाल
७. मा० श्री नारदमुनि राना
८. मा० श्री नारायणप्रसाद मरासिनी
९. मा० श्री पद्म नारायण चौधरी
१०. मा० श्री पार्वता डि.सी. चौधरी
११. मा० श्री पार्वती कुमारी विशुन्के
१२. मा० श्री पुष्पा भुषाल (गौतम)
१३. मा० श्री प्रमोद शाह
१४. मा० श्री वालकृष्ण खांण

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री एकवाल मियाँ
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री दिलेन्द्र प्रसाद बडू
५. मा० श्री घनश्याम खतिवडा
६. मा० श्री महेश्वर जंग गहतराज (अथक)
७. मा० श्री रामेश्वर राय यादव
८. मा० श्री भरत कुमार शाह
९. मा० श्री मोहन बानियां
१०. मा० श्री गजेन्द्र बहादुर महत
११. मा० श्री महिन्द्र राय यादव
१२. मा० श्री कृष्णभक्त पोखेल
१३. मा० श्री प्रमोद साह
१४. मा० श्री शरतसिंह भण्डारी
१५. मा० श्री गोपाल बहादुर बम
१६. मा० श्री देव प्रसाद गुरुङ
१७. मा० श्री प्रेम प्रसाद तुलाचन
१८. मा० श्री नारदमुनि राना
१९. मा० श्री उमेश श्रेष्ठ
२०. मा० श्री मीन बहादुर विश्वकर्मा

त्यसपछि मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “वन विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "वातावरण संरक्षण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "वातावरण संरक्षण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री प्रमोद साह
५. मा० श्री प्रदिप गिरी
६. मा० श्री मिना पाण्डे
७. मा० श्री रामेश्वर राय यादव
८. मा० श्री पद्‌म नारायण चौधरी
९. मा० श्री प्रकाश रसाईली (स्नेही)
१०. मा० श्री बालकृष्ण खांण
११. मा० श्री महेश्वर जंग गहतराज (अथक)

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "वातावरण संरक्षण विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्‌मा कुमारी अर्याललाई "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गंगा चौधरी (सत्गौवा)
२. मा० श्री शान्ता चौधरी
३. मा० श्री गौरी शंकर चौधरी
४. मा० श्री बिमला विश्वकर्मा
५. मा० श्री कृष्णभक्त पोखेल
६. मा० श्री नारायण प्रसाद खतिवडा
७. मा० श्री घनश्याम खतिवडा
८. मा० श्री राम कुमारी झाँक्री
९. मा० श्री भरत कुमार शाह
१०. मा० श्री मीन बहादुर विश्वकर्मा
११. मा० श्री पुष्पा भुसाल (गौतम)
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री विनोद कुमार चौधरी
१४. मा० श्री सुरेन्द्र प्रसाद पाण्डे
१५. मा० श्री पद्‌म नारायण चौधरी
१६. मा० श्री प्रदिप गिरी
१७. मा० श्री महेश्वर जंग गहतराज (अथक)
१८. मा० श्री यज्ञबहादुर बोगटी
१९. मा० श्री नरबहादुर धामी
२०. मा० श्री नारदमुनि राना
२१. मा० श्री प्रेम सुवाल
२२. मा० श्री गजेन्द्र बहादुर महत
२३. मा० श्री प्रमिला राई
२४. मा० श्री प्रकाश रसाईली (स्नेही)

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्‌मा कुमारी अर्यालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ ८ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी अपरान्ह ६:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव